# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### प्रगतिनगर, नवलपरासी ( बर्दघाट सुस्ता पूर्व ) जिल्ला
### गण्डकी प्रदेश,नेपाल

☎ ०७८-५७५३९६, ५७५०१०
Website: www.devchulimun.gov.np

प.सं.०७५।७६

च.नं.

मिति : २०७५।०९।१६

## प्रेस विज्ञप्ति

आज मिति २०७५।०९।१६ गते देवचुली नगर कार्यपालिकाको कार्यालयले सि.जि.आई.पि. अगाडीको अव्यबस्थित पार्किङ्गलाई व्यबस्थापन गर्न सोका लागी आवश्यक पर्ने जग्गा प्राप्तिको लागी आवश्यक नीतिगत निर्णय गरेको छ । सि.जि.आई.पि. अगाडीको अव्यबस्थित ठेला, फुटपाथ व्यावसायलाई व्यबस्थित गरी नगरपालिकालाई व्यबस्थित नगरको रुपमा प्रस्तुत गर्न यो प्रयासको थालनी गरिएको छ। यस पूर्व नगरपालिकाले सि.जि. पार्क अगाडी अनाधिकृत र अव्यबस्थित फुटपाथ व्यावसायलाई हटाइ आज सबै फुटपाथ व्यावसायी, स्थानीय वडाका वडा अध्यक्षहरु, स्थानीय टोल विकास संस्थाहरु र नागरिक समाजका व्यक्तित्वहरु तथा स्थानीय नगरवासीहरुलाई आवश्यक सहमतीका लागि नगरपालिकाको कार्यालयमा नै बोलाएको थियो।

नगर प्रमुख, नगर उप प्रमुख, स्थानीय पाँचै वडाका वडा अध्यक्ष, नगर कार्यपालिकाका प्रवक्ता, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण अफिसियल कर्मचारीहरुको उपस्थितिमा सि.जि. पार्क अगाडिको करिब तेह कठ्ठा जग्गा स्थानीय वडा अध्यक्षहरुको सिफारिशमा नगरपालिकामा पाँच बर्षको लागी लिजमा दिन मासिक रु ३०,०००।– (कर बाहेक) मा स्थानीय संयोजन गर्ने व्यक्तिबाट नगरपालिकामा प्रस्ताब माग गर्ने निर्णय गरिएको छ।

प्रस्ताव माग गर्दा सि.जि. अगाडीको चार किल्ला तोकिएको जग्गा व्यक्तिको निजि नम्बरी जग्गा पर्ने भएकोले सम्बन्धित जग्गा धनीले मञ्जुरीनामा दिई पाँच बर्षसम्म जग्गा बिक्री वितरण नगर्ने कबुलियत गरी सम्बन्धित वडा अध्यक्षले सनाखत गरेको कागज नगरपालिकामा प्रप्ति गरी नगरपालिकाले नगरपालिका भरीका दर्तावाल सामाजिक संस्थाहरु मार्फत् सार्वजनिक बोलपत्रको माध्यमबाट बोलपत्र आब्हान गर्ने निर्णय भएको छ।

यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा शा.अ. श्री रण बहादुर खत्रीसँग संपर्क राख्न समेत सम्पूर्ण नगरबासीहरु समक्ष सादर जानकारी गराइएको छ।

.................
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

ईमेल : devchulimunicipality@gmail.com

Scanned by CamScanner